*खजुरा गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता*

*बिषयक*

# सार्वजनिक सुनुवाई

२०८० बैशाख २७ गते

# प्रगति-प्रतिबेदन



**आयोजक**

खजुरा गाउँपालिका, बाँके

**सहजिकरण**

बास नेपालगन्ज

*खजुरा गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता बिषयक*

# सार्वजनिक सुनुवाई

## २०८० बैशाख २७ गते

**१. सहजिकरण गर्ने संस्थाको परिचय :–**

बास बिगत २२ बर्ष देखि सामाजिक रुपान्तरणका लागि क्रियाशिल गैर सरकारी संस्था हो । २०५७ मंसिर २४ गते स्थापित यो संस्था देशमा ब्याप्त भ्रष्टाचार, अनियमितता, ढिलासुस्ति, घुसखोरी जस्ता बेथितिका बिरुद्ध ससक्त रुपमा क्रियाशिल रहँदै आएको छ । ७७ जिल्ला शाखा, २० उपशाखा, १०० ईकाई र ५००० बढी युवाहरु आबद्ध भएको यस संस्थाले असल शासन, सामाजिक जवाफदेहिता, सामाजिक सद्भाव, सामुदायिक सुरक्षा, युवा सशक्तिकरण, स्वयंसेवा, बाल अधिकार, बाल संरक्षण, लैंगिक हिँसा न्यूनिकरण, सामुदायिक सशक्तिकरण, सञ्चार र संस्थागत बिकासका क्षेत्रमा काम गर्दै आईरहेकोछ । बास भ्रष्टाचार बिरुद्धको बिश्वव्यापी संस्था ट्रान्सपरेन्सी ईण्टरनेशन नेपालको आबद्ध संस्था हो । बासले असल शासन, सामाजिक जवाफदेहिता, सुचनाको हक, अपाँगता अधिकार, युवा नेतृत्व बिकास, बाल संरक्षण,  र संचारका क्षेत्रमा काम गर्दै आईरहेकोछ ।

**२. कार्यक्रमको पृष्ठभुमि :–**

राज्य संचालनको गुणस्तरियताले जनताको जीवनमा निरन्तर प्रभाव पार्दछ । लोकतन्त्रमा सरकारले नागरिकप्रति जवाफदेहि भएर उनीहरुको चित्त बुझाउनु पर्दछ । सार्वजनिक निकायमा बस्नेहरुले कस्तो काम गरिरहेका छन् भनेर नागरिकले चासो राखिरहेका हुन्छन् । त्यसैले राज्य संयन्त्रबाट दिइने सेवा, सुविधा र बस्तुको गुणस्तरका वारेमा सार्वजनिक मञ्चबाट नागरिकले उठाएका प्रश्नको उत्तर दिनु सार्वजनिक पद धारण गरेका ब्यक्तिहरुको जवाफदेहिता अन्तर्गत पर्दछ । यस्तो जवाफदेहिता अधिकारमा बसेका जिम्मेवार ब्यक्ति र सेवाग्राहि नागरिकका विच गरिने सार्वजनिक सुनुवाइका माध्यामबाट खोज्न सकिन्छ । यसरी संचालन गरिने सार्वजाीक सुनुवाइबाट सार्वजनिक निकायहरुलाई उनिहरुले गरेको कामको पृष्टपोषणपनि हुन्छ । अनि सरकारी निकाय र नागरिकको विचमा रहेको अविश्वास घटेर जान्छ र सार्वजनिक निकायले अगाडि सारेका हरेक काम कारबाहिप्रति नागरिकमा अपनत्वको भावना पनि जाग्छ । त्यसैगरी राज्य संयन्त्रले गर्ने गतिविधीका वारेमा नागरिकहरुले गुणर दोषका आधारमा मुल्यांकन गर्न पाउनु पर्छ, यो लोकतान्त्रिक मुलुका नागरिकको अधिकार पनि हो । सर्वसाधारण नागरिक र अधिकारमा बसेका ब्यक्तिहरुका  बीचमा सार्वजनिक चासोको विषयमा हाकाहाकि प्रश्नेत्तर गर्ने सामुदायिक मञ्चलाई सार्वजनिक सुनुवाई भनिन्छ । यसले स्थानीय नागरिकहरुमा विकास योजना प्रति अपनत्वको भावना विकास गर्नुका साथै पारदर्शिताको अभ्यास गर्दछ । आफ्नो कार्यालयले वर्ष भरीमा सञ्चालन गरेका गतिविधिको प्रभावकारीताका लागि अनिवार्य सार्वजनिक सुनुवाई गर्नु पर्ने राज्यले व्यवस्था गरे अनुसार स्थानिय निकाय सार्वजनिक सुनुवाइ कार्यविधि -२०६७ समेत लागु भएको छ । नेपालमा सार्वजनिक सुनुवाईको अवधारणा-२०५० साल पौष १३ गते देखि केदार खड्काले सुरुवात गरेको एकआपस टेलिभिजन कार्यक्रमबाट सुरुवात भएको मानिन्छ । पांच बर्ष सम्म नियमित संचालन भएको सो कार्यक्रमले नेपालमा सार्वजनिक सुनुवाइको अबधारणालाई नागरिकका विच लोकप्रिय बनाएको थियो । सार्वजनिक सुनुवाइले सर्वसाधारण नागरिकलाई अधिकारमा बसेका ब्यक्ति नजिक पुग्ने र आफ्ना असन्तुष्टि पोख्ने अवसर दिन्छ । त्यसैले यसलाई सर्वसाधारणको पहुँच अधिकारमा बस्नेहरु सम्म पनि भन्ने गरिन्छ ।

सार्वजनिक सुनुवाईको प्रभावकारितालाई ध्यानमा राखेर पहिलो पटक नेपाल सरकारले-२०६२ सालमा सार्वजनिक सुनुवाई सम्बन्धि निर्देशिका नै बनाएर यो संयन्त्रलाई संस्थागत गरेको पाईन्छ । सुनुवाईमा पछाडिपरेका, दलित, अल्पसंख्य,अपाङ्ग सर्वसाधारण नागरिकहरुको उपस्थिती उल्लेखनीय हुनु पर्दछ । हाल सार्वजनिक सुनुवाइलाई बिभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले अबलम्बन गरेर आफ्ना कार्यक्रम बनाएर सञ्चालन गरी रहेका छन् । स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० को दफा ७८ को उपदफा ५ मा स्थानीय सरकारले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही वनाउन सार्वजनिक सुनुवाई, गर्नुपर्ने ब्यवस्था गरेको छ । सुशासन ऐन-२०६४ को दफा ३० मा सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था गरी कानूनी व्यवस्था गरिएको छ । त्यसैगरी सुशासन नियमावली-२०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४ महिनामा कम्तिमा एउटा सुनुवाई गर्नु पर्ने व्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले समेत सबै स्थानीय तहहरुले सार्वजनि सुनुवाइ गर्नुपर्ने करालाई अंगिकार गरेको छ । पछिल्लो समयमा आएर स्थानीय तहहरुरुले यो संयन्त्रलाई आत्मसात गरी सार्वजनिक सुनुवाई सञ्चालन गदै आएका छन् । सोहि कुरालाई मध्येनजर गर्दै खजुरा गाउँपालीकाको आयोजना, र बास, नेपालको सहजिकरणमा खजुरा गाउँपालीकाको आर्थिक वर्ष २०७९/०८० मा संचालन गरेका विकास निमार्णका गतिविधि र कार्यालयबाट प्रबाह गरिएका गुणस्तरीय सेवाको प्रभावकारिताबारे खुला छलफलका लागि खजुरा मिनि पार्क एण्ड रिसोर्टमा २३० बढी नागरिकहरुको सहभागीतामा मिति २०८० बैशाख २७ गतेका दिन ***खजुरा गाउँपालिकाले दिने सेवा, सुविधाको प्रभावकारिता विषयक सार्वजनिक सुनुवाई कार्यक्रम*** सम्पन्न भएको छ ।

**३. कार्यक्रमका उद्धेश्यहरु :**

- गाउँपालिकाको काम कारबाही बारे उपमहानगरबासिहरुलाई जानकारी गराउने ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा र सुबिधाका बारेमा छलफल/बहस गर्ने ।
- गाउँपालिकासंग सम्बन्धित गुनासोहरु सुनुवाई गरि गुनासो व्यवस्थापन गर्ने ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा र सुबिधाको प्रभाबकारिताका बारेमा पृष्टपोषण लिने ।
- बार्षिक गतिबिधिहरुको समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने ।
- सेवाग्राहीबाट आएका गुनासोको सुनुवाई गर्न साझा सार्वजनिक प्रतिवद्धताको घोषणा गर्ने ।

**४. सार्वर्जजनिक सुनुवाई संचंचालनका क्रममा अवलम्बन गरिएका विधिहरु :**

खजुरा गाउँपालिकाले दिने सेवा र सुविधाको प्रभावकारिता बिषयक सार्वजनिक सुनुवाई गर्नु पूर्व निम्न बिधिहरु अवलम्बन गरिएको थियो :

***क. सहजिकरण गर्ने संस्थाको छनौट तथा सम्झौता :*** विगतका बर्षहरु देखिनै खजुरा गाउँपालिकाको सार्वजनिक सुनुवाईको सहजिकरणको जिम्मेवारी सम्हाल्दै आएको बास नेपालगन्जलाई खजुरा गाउँपालिकाले गाउँपालिकाको आ.व. २०७९/०८० को सार्वजनिक सुनुवाइ सहजिकरणको जिम्मेवारी दिएको थियो । सोही अनुरुप खजुरा गाउँपालिकाले आर्थिक बर्ष २०७९/०८० मा गर्नु पर्ने सार्वजनिक सुनुवाई सहजिकरणका लागि बास नेपाल र गाउँपालिका बिच सम्झौता भएको थियो ।

*ख. ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन :*

सार्वजनिक सुनुवाइ कार्यक्रम गर्नु पुर्व आयोजक संस्थाका प्रतिनीधि र सहजिकरणको जिम्मा पाएको संस्था बिच स्थानीय सरकार संचालन ऐन २०७४, सुशासन ऐन २०६४ तथा नियमावली, २०६५, स्थानीय निकाय सार्वजनिक सुनुवाइ सहजिकरण कार्यविधि, २०६७, स्थानीय तह सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धि नमुना कार्यबिधि २०७७, लगायतका निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्यायन गरिएको थियो ।

*ग. सार्वर्जजनिक सुनुवाइको लागि सूचना तथा प्रचार प्रसार र पत्राचार :*

सार्वजनिक सुनुवाई कार्यक्रम संचालन हुने विषयमा सार्वजनिक सुनुवाई कार्यक्रमको व्यापक सूचना प्रबाह र प्रचार प्रसारको लागि गाउँपालिकामा सबैलाई सार्बजनिक सुचना एक हप्ता अगाडी देखि गरिएको थियो । आम नागरिकहरुको व्यापक सहभागिताका लागि कार्यक्रम हुनुअगाबै सार्वजनिक सूचना प्रकाशन, निमन्त्रणा पत्र बितरण तथा पत्राचार र माइकिङ्ग गरिएको थियो भने गाउँपालिकाले सबै सरोकारवाला ब्यक्तिलाई एसएमएस गरेको थियो । बिशेष गरि वडा कार्यालय र बासका स्वयंमसेवकहरु मार्फत सबै वडाका स्थानीय नागरिकहरुलाई आमन्त्रण गरिएको थियो ।

*घ. मिति, समय र स्थान निर्धारण :*

गाउँपालिका र बास नेपालबिच छलफल पश्चात खजुरा मिनि पार्क एण्ड रिसोर्टमा सुनुवाई गर्ने भनी २०८० बैशाख २७ गते बुधबारका दिन दिउसो १: बजे देखि कार्यक्रम गर्ने समय निर्धारण गरिएको थियो ।

*ङ. नागरिक प्रतिबेदन पत्र तथा बर्हिगमन अभिमत संकलन :*

खजुरा गाउँपालिकाले दिने सेवा तथा सुविधाको बिषयमा ५० जना सेवाग्राहीहरुबाट नागरिक प्रतिबेदन पत्र तथा ५० जना सेवाग्राहीहरुबाट बर्हिगमन अभिमत संकलन गरिएको थियो ।

*च.सार्वजनिक सुनुवाई कार्यक्रम संचालन*

खजुरा गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को बैशाख सम्म संचालन गरेका विकास निमार्णका गतिविधि र कार्यालयबाट प्रबाह गरिएका गुणस्तरीय सेवाको प्रभावकारिताबारे सार्वजनिक सुनुवाइ बैशाख २७ गते सम्पन्न भएको छ । खजुरा मिनि पार्क एण्ड रिसोर्टमा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रमका सहभागिहरुले आफुहरुले प्रत्यक वर्ष गुनासो, प्रश्न र सुझाव दिँदै जाने तर त्यसको सुनुवाई नहुने, विगतका वर्षहरुका गौरवका आयोजनाहरुको निमार्ण हुन नसकेको, योजनाहरु निमार्ण गर्दा दिगो हुन नसकेको, सार्वजनिक सवारी साधनको सही प्रयोग हुन नसकेको, सूचना प्रवाहललाई व्यवस्थित गर्न नसकेको, शित भण्डारको संचालन हुन नसकेको, पालिकामा फाइलहरु हराउने गरेको, सडक पेटी अव्यवस्थित भएको, कर्मचारी भर्ना पारदर्शी नभएको, बेरुजुको समस्या बढ्दै गएको जस्ता विषयहरु उठान गरेका थिए ।

कार्यक्रममा उठेका प्रश्नहरुको जवाफ दिँदै गाउँपालिका अध्यक्ष डम्बर बहादुर वि.क.ले गौरवका आयोजनाहरु अन्तिम चरणमा पुगेको र अधिकाशं योजनाहरु यही आर्थिक वर्ष सम्म पूरा हुने, योजना निमार्ण गर्दा प्राविधिकको गहन अध्ययन र दिर्घकाल सम्म टिक्ने गरी सबैलाई लाभ हुने तरिकाले निमार्ण गर्ने, पालिकामा रहेको सार्वजनिक सवारी साधनको प्रयोगमा निश्चित मापदण्ड अनुरुप प्रयोगको व्यवस्था मिलाउने, अव्यवस्थित सडक पेटीलाई तत्काल खाली गर्न लगाउने प्रतिबद्धता जाहेर गरेका थिए । कार्यक्रममा जनताको प्रश्नहरुको जावफ दिँदै प्रमुख प्रशासकिय अधिकृत अर्जुन सुवेदीले कार्यालयमा फाइल हरानु राम्रो नभएको बताउँदै आगामी दिनमा त्यस्ता कमि कमजोरी हुन नदिने,

सूचना प्रवाहको उचित प्रबन्ध मिलाउने तथा कार्यविधि बनाई लागु गर्ने, इन्धन खर्चलाई घटाउँदै लैजाने, आम नागरिलाई महसुस हुनेगरी सेवा प्रवाहको व्यवस्था मिलाउने प्रतिबद्धता जनाए । कार्यक्रममा उठेका प्रश्नको जवाफमा वडा नं. २ का वडा अध्यक्ष धनराम ओलीले आम नागरिकले समेत पालिकाको विकासमा साझेदारी गर्नुपर्ने र नैतिक र नागरिक उत्तरदायित्वबाट प्रस्तुत हुँदै पालिकाले आवश्यकता महसुस गरेको खण्डमा सहयोग गर्न तत्पर हुनुपर्ने बताएका थिए । उनले समय र परिवेश अनुसार प्रविधिको प्रयोग गर्दै सम्पूर्ण तथ्यांक पालिकाले राख्नु पर्ने र सो तथ्यांकको लागि नागरिकले समेत यथार्थ सूचना दिनु पर्ने र सोही आधारमा पालिकाबाट सेवा प्रवाह गर्न सहज, सरल र मितव्यायी हुने बताएका थिए । सहभागिहरुको प्रश्नको जवाफ दिँदै वडा नं. ३ का वडा अध्यक्ष पूर्ण बहादुर भण्डारीले बाटो पुग्न बाँकी रहेका विभिन्न टोलहरुमा प्राथामिकताको आधारमा आगामी वर्ष क्रमश बाटो निमार्ण गर्दै जाने बताए । कार्यक्रममा उठेका प्रश्नको जवाफ दिदै गाउँपालिकाका उपाध्यक्ष मञ्जु मल्लले लक्षित वर्गको बजेट सोचे अनुरुप विनियोजन गर्न नसकेको बताउँदै आगामी वर्षमा बजेटको दायरा बढाउने प्रतिबद्धता व्यक्त गरेकी थिइन् ।

सार्वजनिक सुनुवाइमा उठान भएका सवालहरुको आधारमा ९ बुदे साझा सार्वजनिक प्रतिबद्धताको घोषणा गरिएको छ । घोषणा गरिएका प्रतिबद्धताहरुमा गाउँपालिकाको आय व्यय बिवरण वेवसाइटका माध्यमबाट सार्वजनिक गर्ने साथै आगामी सार्बजनिक सुनुवाइमा आय व्यय बिवरण सार्वजनिक गरी बितरण गर्ने, हरेक  योजनाको योजना सुचाना पार्टी अनिवार्य रुपमा राख्ने व्यवस्था मिलाउने, पालिका मार्फत सञ्चार क्षेत्रमा भएको खर्च अत्याधिक रहेको बिषयमा सो गुनासोको सम्बोधन गर्दै पालीकाले सञ्चार सम्बन्धि कार्यबिधि बनाउन लागेकाले सोही कार्यबिधि बमोजिम सञ्चार क्षेत्रमा हुने खर्चलाई व्यवस्थित पारदर्शी गर्ने, खजुरा गाउँपालिका वडा नम्बर ४ डी गाउँ जाने सडक खण्ड भत्किएर क्षतीग्रत भएकाले तत्काल उक्त सडक मर्मत गर्ने, पालिकाबाट लक्षित वर्ग केन्द्रित कार्यक्रममा न्युन बजेट बिनियोजन भएकाले आगामी आ.व. देखी बजेट बृद्धी गर्ने, लागु औषध बिरुद्ध बिशेष कार्यक्रम सञ्चालन गर्ने, पालिकाका विभिन्न वडाका चोकहरुमा खानेपानीको व्यवस्था  आबश्यकताको आधारमा व्यवस्थापन गर्ने, पालिका र वडाबाट दिइने सिफारीस लगायत पञ्जीकरणका कार्यहरु समय सापेक्ष व्यवस्थित गर्ने, पालिकाको वेवसाइटलाई थप प्रभाबकारी र सुचनामुलक बनाउने, पालिकाको निमार्णाधिन प्रशासनीक भवन अबिलम्ब पुर्ण गर्ने, पालिकाको सार्वजानिक सुनुवाइमा व्याक्त गरिने प्रतिवद्धतालाइ अक्षरश  कार्यन्वयन गर्ने, पालिकाका सवारीसाधनहरु दुरुपयोग भईरहेको गुनासोका सर्न्दभमा सवारी साधनहरु उचित कार्यका लागि प्रयोग गर्ने,  पालिकाको बढ्दो बेरुजूलाई घटाउने, पालिकामा बेरुजू आउन नदिनका लागि पालिका अग्रसर रहने रहेका छन् ।

२५० बढि स्थानीयहरुको उपस्थिति रहेको कार्यक्रमको सहिजकरण बास नेपालका कार्यक्रम प्रबन्धक मन भण्डारीले गरेका थिए भने कार्यक्रमको स्वागत मन्तव्य बास नेपालका निवर्तमान अध्यक्ष रमेश सिटौलाले गरेका थिए । बास नेपालका कार्यक्रम अधिकृत रबिन्द्र बोहराले बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन प्रत्रको नजिता प्रस्तुत गरेका दिए भने पालिकाको यो आर्थिक वर्षको प्रगति प्रतिवेदन गाउँपालिकाका अध्यक्ष डम्बर बहादुर वि.क. ले प्रस्तुत गरेका थिए । सुनुवाईमा गाँउपालिका अध्यक्ष डम्बर बहादुर बि.क., उपाध्यक्ष मन्जु मल्ल, प्रमुख प्रशासकिय अधिकृत अर्जुन सुवेदी, बिभिन्न वडाका वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु र शाखा प्रमुखहरुले सहभागिहरुको प्रश्नको जवाफ दिएका थिए ।

तस्विरमा सुनुवाई :






सुनुवाईको सहजिकरण गर्दै सहजकर्ता मन भण्डारी बाँया तथा सहभागीहरुको प्रश्नको जवाफदिदै गाउँपालिकाका अध्यक्ष डम्बर बहादर बिक दाँया ।





सुनुवाईमा प्रश्न गर्दै सहभागिहरु ।






सुनुवाइका जवाफदेही बक्ताहरु बाँया तथा सुनुवाइका सहभागिहरु दाँया ।






सहभागीहरुको प्रश्नको जवाफ दिँदै गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत अर्जुन सुवेदी बायाँ तथा उपाध्यक्ष मञ्जु मल्ल दाँया ।

### *ज. सार्वजनिक सुनुवाइमा उठान भएका मुख्य सवालहरु :*

सार्वजनिक सुनुवाइमा कृर्षिको समस्या, सडक, नाला गुणस्तरीय नभएको, लक्षित वर्ग केन्द्रित कार्यक्रम, शिक्षा तथा स्वास्थ्य सेवा, बिकास निर्माण, बिधुत तथा सिचाइको समस्या लगायतका दर्जनौं बिषयहरुमा जिज्ञाशा, गुनासो तथा प्रश्न राखेका थिए । सहभागिहरुले उठान गरेका सवाल र सरोकारवालाहरुको जवाफ अनुसूचीमा समावेश गरिएको छ ।

### *झ. प्रतिवद्धताहरुको सार्वजनिकिकरण :*

सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएपछि सार्वजनिक सुनुवाईमा उठेका सवाल वा बिषयहरु, सुनुवाईको क्रममा सोधिएका प्रश्न तथा जवाफको आधारमा सुधारको लागि ९ बुंदे साझा सार्वजनिक प्रतिबद्धताहरुको घोषणा गरिएको थियो । सुनुवाई सम्पन्न भए पश्चात प्रतिबद्धता सहित उल्लेख गरिएको प्रेश बिज्ञप्ती प्रकाशन गरिएको थियो । जुन बिज्ञप्ती सबै सञ्चार माध्यमहरुमा सम्प्रेषण गरिएको थियो । सम्प्रेषित बिज्ञप्तीका आधारमा बिभिन्न सञ्चार माध्यमहरुमा समाचार उच्च प्राथामिकताका साथ प्रकाशन/प्रशारण भएको थियो । ९ बुँदे प्रतिवद्धताहरु प्रतिवेदनको अनुसुची मा संलग्न गरीएकोछ ।

### ५. सार्वजनिक सुनुवामा सहभागिहरु उपस्थिती संख्या:

खजुरा गाउँपालिकाको आयोजना र बासको सहजिकरणमा सम्पन्न सार्वजनिक सुनुवाई कार्यक्रममा गाउँपालिकाको सबै वडाबाट सेवाग्राही, वडा कार्यालयका पदाधिकारी, सदस्यहरु, बिभिन्न सञ्जालका प्रतिनिधि, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, शिक्षक, विद्यार्थी, बुद्धिजिबी, सर्वसाधारण नागरि, विभिन्न संघ, संस्थाका प्रतिनिधी लगायत विभिन्न विषयगत शाखाका सहभागिहरुको समेत सहभागिता रहेको थियो । जुन तलको तालिकामा हेर्न सकिन्छ ।

| क्र.स | महिला | पुरुष | जम्मा | दलित | जनजाति | मधेसी/मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|---|
| १ | ५५ | १७२ | २२७ | ४४ | १८ | १७ | १४८ |

## ६. जवाफदेहि बक्ताहरु:

सार्वजनिक सुनुवाई कार्यक्रममा तपसिल अनुसारका जबाफदेहि बक्ताहरुको अर्थपूर्ण सहभागिता रहेको थियो ।

| *क.स.* | *नाम* | *पद* | *निकाय* |
|---|---|---|---|
| १. | डम्मर बिक | अध्यक्ष | खजुरा गाउँपालिका |
| २. | मञ्जु हमाल | उपाध्यक्ष | खजुरा गाउँपालिका |
| ३. | अर्जुन सुवेदी | प्रमुख प्रशासकिय अधिकेत | खजुरा गाउँपालिका |
| ४. | धनिराम ओली | वडा अध्यक्ष | खजुरा गाउँपालिका वडा नम्बर २ |
| ५. | पुर्ण बहादुर भण्डारी | वडा अध्यक्ष | खजुरा गाउँपालिका वडा नम्बर ३ |
| ६. | टेक बहादुर रोका क्षेत्री | वडा अध्यक्ष | खजुरा गाउँपालिका वडा नम्बर ४ |
| ७. | राम गोपाल यादव | वडा अध्यक्ष | खजुरा गाउँपालिका वडा नम्बर ७ |
| ८. | कार्यपालिका सदस्यहरु | | खजुरा गाउँपालिका |
| ९. | शाखा प्रमुखहरु | बिभिन्न शाखा | खजुरा गाउँपालिका |

## ७. सवल पक्षहरु

प्रभावकारी सेवा, सुविधा तथा गुणस्तरीय विकास कार्यक्रम, बिकास निर्माण, सरसफाई बारे खुला छलफल गरी नागरिकका गुनासा तथा रचनात्मक सुझाब संकलनका लागि, खजुरा गाउँपालिकाको आयोजना तथा बास नेपालको सहजिकरणमा सञ्चालन भएको सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालनको क्रममा पाईएका केहि सवल पक्षहरु निम्नानुसार रहेका छन् ।

१. सार्वजनिक सुनुवाई कार्यक्रम सुशासन ऐन, नियमावली तथा स्थानिय सरकार संचालन ऐन २०७४, स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यबिधि-२०६७ अनुसार सम्पन्न भएको छ ।

२. सार्वजनिक सुनुवाई कार्यक्रममा गाउँपालिकाको हाल सम्मको सेवा प्रबाहको अवस्था, सम्पन्न विकास निर्माण, मूख्य-मूख्य उपलब्धिहरु, नयाँ कार्यहरु र आगामी योजना बारे जानकारी गराउने काम भएको छ ।

३. सहभागिहरुले गुनासा, जिज्ञासा, सुझाब स्वस्फूर्त रुपमा धक फुकाएर अभिव्यक्त गरेका छन् ।

४. कार्यक्रमको सुरुवातमा सार्वजनिक सुनुवाइका आचारसंहिता प्रस्तुत सहित अनुमोदन गरी कार्यक्रम संचालन गरिएको थियो ।

५. सहभागिहरुबाट उठान गरिएका सवालहरु तथा सुझाबहरुको जबाफदेहि बक्ताहरुबाट चित्तबुझ्दो जबाफ खोज्ने काम भएको थियो भने सहजकर्ताबाट थप प्रष्ट पार्नका लागि प्रभावकारी रुपमा सहजिकरण गर्ने काम भएको थियो ।

६. कार्यक्रमको अन्तमा छलफल भएका विषयवस्तुहरुलाई संक्षेपीकृत गरी ९ बुँदे प्रतिवद्धता तयार र सार्वजनिकीकरण गरी जबाफदेहि बक्ताहरुलाइ हस्ताक्षर गराईएको थियो ।

७. सार्वजनिक सुनुवाई कार्यक्रमको प्रचार प्रसारका लागि सार्वजनिक सुचना, पत्राचार, निमन्त्रणा वितरण गरिएको थियो ।

९. सुनुवाईमा अल्प संख्य, सिमान्तकृत, तथा पछाडि परेका वर्गहरुको अर्थपुर्ण सहभागिता रहेको थियो ।

**८. सुधारका लागि सुझाब**

१. सार्वजनिक सुनुवाइ चौमासिक अवधिमा नियमित गर्नुपर्ने देखिन्छ ।

२.सार्वजनिक सुनुवाईमा गरिएका प्रतिबद्धताहरु कार्यान्वयनमा ध्यान दिनु पर्ने देखिन्छ ।

३. कार्यक्रममा सबै वडाका वडा अध्यक्ष र विषयगत शाखा प्रमुखहरुको अनिवार्य सहभागिता हुनुपर्ने देखिन्छ ।

**९. कार्यक्रमका उपलब्धिहरु :**

- गाउँपालिकाको काम कारबाही बारे नागरिकहरुलाई जानकारी गराउने काम भएकोछ ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा र सुबिधाका बारेमा छलफल/बहस गर्ने काम भएको छ ।
- गाउँपालिकासंग सम्बन्धित गुनासोहरु सुनुवाई गरि गुनासो व्यवस्थापन गर्ने काम भएकोछ ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा र सुबिधाको प्रभाबकारिताका बारेमा पृष्टपोषण लिने काम भएकोछ ।
- बार्षिक गतिबिधिहरुको समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने काम भएको छ ।
- सेवाग्राहीबाट आएका गुनासोको सुनुवाई गर्न ९ बुदे साझा सार्वजनिक प्रतिवद्धताको घोषणा गर्ने काम भएको छ ।

## अनुसुची १

*सार्वजनिक सुनुवाइमा जारी गरिएका सहभागि तथा जबाफदेहिबक्ताले पालना गर्नुपर्ने आचारसंहिता :*

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२. सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम र ठेगाना सहित प्रश्न, जिज्ञासा वा सुझाब के हो राख्नुपर्नेछ ।

४. सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदांगत रुपमा छोटकरीमा प्रश्न प्रतिक्रिया राख्नु पर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बिते पछि तत्काल प्रस्तुती रोक्नुपर्नेछ ।

५. आफू भन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोर्‍याउन जरुरी हुने छैन ।

६. चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाईनेछ ।

७. सहभागीले बिना आधार कसै प्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाईने छैन ।

८. सुनुवाईका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाई राख्न वा बोल्न पाईने छैन ।

९. सुनुवाईलाई बिथोल्ने प्रयास कतैबाट भएको पाईएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधानखोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

१०. सुनुवाईलाई विषयान्तर हुनबाट जोगाउन सबै सहभागि सचेत हुनु पर्नेछ ।

नुसुची २

खजुरा गाउँपालिकाले दिने सेवा र सुबिधाका बिषयमा गरिएको

नागरिक प्रतिवेदन पत्र **(citizen Report Card)** को नतिजा

**जम्मा : ५० जना**

---

**१ सेवाको सन्तुष्टि**

१.१ तपाइँले यस कार्यालयबाट समग्रमाकतिको सन्तुष्टिपाउनु भयो?

सन्तुष्ट ( ४०% ) ठीकै ( ४८ % ) असन्तुष्ट ( १२ % )

१.२ सेवालिनजाँदाकर्मचारीको व्यवहारप्रतितपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट ( २६ % ) ठीकै ( ७०% ) असन्तुष्ट ( ४ % )

**२. सेवाको नियमितता**

२.१कार्यालय नियमित रुपमा (पदाधिकारी र कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता) संञ्चालनभएको छ भन्ने कुरामाकतिको विश्वस्त हुनुहुन्छ ?

विश्वस्त ( ४२ % ) ठीकै ( ५४% ) अविश्वस्त ( ४% )

२.२तपाईले सेवालिनजाँदाअतिरिक्त रकमतिर्नु भयो?

तिरेको छैन ( ८४ % ) एकदमै कम ( १६% ) धेरै तिरेको ( ० % )

२.३गाउँपालिकाले सार्वजनिकचासो तथा समस्या समाधानगर्न औसत कतिदिनलगाउने गरेको छ?

१ दिन ( ५८ % ) २ दिन (४२ % ) धेरै दिन ( ० )

**३. सेवाप्रतिको जनविश्वास**

३.१ यस संस्थाले दिने सेवाप्रतितपाई कतिको विश्वस्तहुनुहुन्छ?

विश्वस्त ( ३४ % ) ठीकै ( ६२ % ) अविश्वस्त (४ % )

३.२ यस पालिकामाकार्यरत कर्मचारी प्रतितपाईको विश्वास कत्तिको छ ?

धेरै ( २६ % ) ठीकै ( ६८ %) विश्वास छैन ( ६ % )

३.३ यस कायार्लयले विपन्नवर्गको लागि छटुयाएको सेवातथावजेट प्रयोग गरेको थाहापाउनु भएको छ ?

छ ( १८ % ) छैन ( ७२ % ) अलिअलिथाहा छ ( १० % )

**४. सेवाको गुणस्तर**

४.१ यस कार्यालयबाट सेवालिंदाकार्यालयले दिएको जानकारीबाटकत्तिको सन्तुष्टहुनु हुन्छ?

सन्तुष्ट ( ४६ % ) कम सन्तुष्ट ( ५४ % ) असन्तुष्ट ( ० )

४.२ तपाई यस कार्यालयमाआउँदाकसको सहयोग लिनुभयो?

आफै ( ७२ % ) गाउँका ठूलाबडाको ( २४ % ) मध्यस्थकर्ता (४ % )

४.३ यस कार्यालयमा तपाईले एउटाकामको लागिकतिपटकधाउनु पर्‍यो?

१ पटक ( ८६ % ) २ पटक ( १० % ) सो भन्दावढी ( ४ % )

**५. सेवा सम्बन्धीजानकारी**

५.१ कार्यालयको भौतिकअवस्था कस्तो छ ?

अति राम्रो (५४ % ) ठीकै ( ४६ % ) नराम्रो ( ० )

५.२ कार्यालयमाभएको नागरिक बडापत्रर गुनासो पेटिकाबारे तपाईलाइजानकारी छ ?

छ (६८ % ) आंशिकजानकारी छ ( ३४ % ) कुनै जानकारी छैन ( ४ % )

५.३पालिकातहमा सञ्चालनगरिने सावर्जनिककार्यक्रममा सीमान्तकृतवर्गको उपस्थितिकतिप्रतिशत सम्महुने गरेको छ ?

२० प्रतिशतजति (८६ % ) ५० प्रतिशतभन्दामाथि ( १२ % ) थाहा छैन (२ % )

**६. नागरिक बडापत्र/उजुरी पेटिका/गुनासो सुन्ने अधिकारी सम्बन्धमा**

६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुनहदसम्म गरेकाछन् ?

धेरै ( ५८ % ) कम ( ३८ % ) गरेको छैन ( ४ % )

६.२तपाईको विचारमाउजुरी पेटिकाको उपयोग कुनहदसम्मभएको छ ?

धेरै भएको छ (३४ % ) ठीकै भएको छ ( ५६ % ) भएकै छनै ( १० % )

**प्रश्नावलीभाग २**

**१.सिफारिस सम्बन्धी**

१.१ सिफारिसको लागिचाहिने आवश्यककागजातहरुको प्रष्टजानकारी पाउनु भयो?

पाएँ ( ६४ %) ठीकै पाएँ ( ३६ % ) स्पष्टपाइँन ( ० )

१.२ कुनै सिफारिसको लागिलाग्ने दस्तुर बाहेक अतिरिक्त रकमदिनु पर्‍यो?

दिएँ (० ) थोरै दिएँ ( ४ % ) मागिएन र दिइएनपनि ( ९६% )

१.३ राजस्व, शुल्क, सेवादस्तुरको-कससँग उठाउने गदर्छन् ?

सबैसँग उठाउँछन् ( ८२ % ) सीमित व्यक्तिसँग मात्र उठाउँछन् ( १४ %) आयको आधारमाउठाउँछन् ( ४ % )

**२. पूर्वाधार विकास, वातावरण र सरसफाई सम्बन्धी**

२.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ?

राम्रो (२४ % ) ठीकै ( ७० % ) खराब ( ६ % )

२.२ कार्यालयमा सेवाप्रवाह र कार्यसम्पादन सम्बन्धीगुनासो गर्दा त्यसमाथिकारवाहीकत्तिको गरिन्छ?

तुरुन्तै हुन्छ ( ५८ % ) पटकपटक भने पछिमात्रै हुन्छ ( ३२ % ) जतिभने पनिहुन्न ( १० % )

२.३ तपाईको विचारमापालिकाले पूर्वाधार सम्बन्धीकायर्क्रम के कस्तो किसिमले गर्छ?

नियमित र राम्रोसँग ( ४० % ) ठीकै गर्छ ( ५४ % ) नियमित रुपमागर्दैन (६ % )

२.४ तपाईको पालिकामाविकास निर्माणको स्थिति कस्तो छ?

राम्रो ( ३४ % ) ठीकै ( ६२ % ) खराब (४ % )

२.५ तपाईको पालिकामा संचालन गरेकाआयोजनाहरु कत्तिकाप्रभावकारी छन् ?

प्रभावकारीछन् ( ५२ %) ठीकछन् (४२ % ) प्रभावकारी छैनन् ( ६ % )

२.६ स्थानीय सरकारमाआयोजनाको बिलभुक्तानीदिने व्यवस्था कस्तो छ?

सहज (५० % ) असहज ( १२ % ) ठीकै ( २० % ) अप्ठ्यारो ( १८ % )

२.७आयोजना सम्पन्नभएपछिजाँचपास गर्दा प्राविधिकहरुलाई रकमदिनुपर्छ?

पर्दैन ( ८० % ) मागेरै लिन्छन् ( २० % ) रकम नदिए अप्ठ्यारो पार्छन् ( ० )

२.८ आयोजना सञ्चालनगर्दा पालिकावाटप्राविधिक सहयोग कत्तिको पाउनु भयो?

सजिलै पाइयो ( ४८ % ) कहिलेकाँहीपाइयो ( ४६ % ) मागगर्दा पनिपाइएन ( ६ % )

२.९गाउँपालिकामाविकास निर्माणकाबारेमाजानकारी माग्दापाउनु हुन्छ?

सजिलै पाइन्छ ( ६४ % ) सोधेपछि पाइन्छ ( ३२ % ) सोधेपनिपाइदैन ( ४ % )

२.१०आयोजना सञ्चालनगर्दा गाउँपालिकबाटकत्तिको सहयोग पाउनु भएको छ?

धेरै सहयोग पाएको छु ( ४४ % ) ठीकै सहयोग पाएको छु ( ४४ % ) निरुत्साहितगरिन्छ ( १२ % )

**३. गाउँपालिकाको वित्तीयव्यवस्थापन र कार्यसम्पादन,**

३.१ आर्थिक श्रोत कस्तो छ ?

आवश्यकश्रोतउपलब्ध ( ४६ % ) कमश्रोत उपलब्ध ( ५० % ) अतिकमश्रोत उपलब्ध ( ४ % )

३.२ कामगर्नेप्रणाली र प्रक्रिया कस्तो छ ?

अति सरल ( ३२ % ) ठीकै ( ६८ % ) जटिल ( ० )

३.३ कार्यालयमाभएकाकर्मचारीमावित्तव्यवस्थापन र परिचालनमा सीप कस्तो छ ?

आवश्यक सीप छ ( ६६ % ) आवश्यकताभन्दाकम छ ( ३२ % ) सीपनिकै कम छ ( २ % )

३.४ पालिकाको आम्दानी र खर्चकार्यालय बाहिर सूचनापाटीमाटाँसेको देख्नुभयो ?

टाँसेको देखेको छु (२२ % ) कहिलेकाहीटाँसेको देखिन्छ (४८ % ) खै कतै देखिएन ( ३० % )

३.५ कार्य सम्पन्नको आधारमामूल्यांकनभएको छ कि छैन ?

छ ( ४८ % ) ठीकै मूल्याङ्कनहुने गरेको छ ( ४८ % ) कहिले पनिभएको थाहा छैन ( ४ % )

३.६ कार्य सञ्चालन संरचनाप्रतिकत्तिको सन्तुष्टहुनुहुन्छ?

सन्तुष्ट ( ८ % ) ठीकै ( ७८ % ) कुनै जानकारी छैन ( १४ % )

**४. पारदर्शिता सम्वन्धी,**

४.१ यस पालिकाको वार्षिक नीति, कार्यक्रम र श्रोतकाबारेमाजानकारी पाउनु भएको छ?

धेरै जानकारी पाएको छु (३० % ) ठीकै जानकारी पाएको छु ( ५२ % ) कमजानकारी पाएको छु ( १८ % )

४.२ पालिकाले निर्माण गरेका ऐन, नियम, निर्णय, बजेट कार्यक्रम, कार्यप्रगतिआदी सम्बन्धीविवरण सार्वजनिकहुने गर्दछ ?

हुने गरेको छ ( ३८ % ) हुने गरेको छैन ( ३४ % ) जानकारी नै छैन ( २८ % )

४.३पालिकाको कार्यालयबाटतपाईले चाहेको विवरणपाउँनु भएको छ?

सहजै पाए ( ६६ % ) धेरै पटकभनेपछिपाए ( २६ % ) पाइन ( ८% )

**५. अन्य**

५.१ सेवाप्रवाहमाघुम्ति सेवाको प्रयोग भएको छ ?

हुने गरेको छु ( ४८ % ) कलिहलेकाहीहुने गरेको छु ( ४४ % ) कहिल्यै भएको छैन ( ८ %)

५.२ उजुरी फर्च्यौटको अवस्था कस्तो छ ?

२०% ( ७२ %) ५०% ( १६ % ) ७०% भन्दामाथी ( १२ % )

५.३ सबै वडामा मेलमिलाप केन्द्रको गठनभएको थाहापाउनु भएको छ ?

सबै वडामागठनभएको छ ( ८४ % )केहि वडामामात्रै गठनभएको छ ( १४ % ) गठनभएको छैन ( २ % )

५.४ सबै वडामाटोल विकास संस्थाको गठनभएको थाहापाउनु भएको छ ?

सबै वडामागठनभएको छ ( ८४ % ) केहि वडामामात्रै गठन ( १४ % ) गठनभएको छैन( २ % )

## खजुरा गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारीता विषयमा गरिएको

### बर्हिगमन अभिमत (Exit Poll) संकलन

| सि.नं. | सेवाको नाम | मूल्याङकन | | |
|---|---|---|---|---|
| १ | सेवालिदाकोसँग सम्पर्क गर्ने भन्ने मातपाईलाई जानकारी भयो ? | अति स्पष्ट<br>८८% | ठीकै<br>१२% | अस्पष्ट<br>०% |
| २ | सेवाप्रदायककर्मचारीले तपाईको आवश्यक्ता र अपेक्षाकतिबुझ्े जस्तो लाग्यो ? | अति धेरै<br>३२% | ठीकै<br>६८% | थोरै<br>०% |
| ३ | तपाईप्रतिसेवाप्रदायककर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसर मैत्रीपूर्ण<br>८४% | ठीकै<br>१६% | अभद्र र अमर्यादित<br>०% |
| ४ | सेवाप्राप्तगर्न आवश्यमकसूचनाहरु (प्रमाण,कागजात) र शुल्क, दस्तुर बारे तपाईलाई सेवाप्रदायकर्मचारीले स्पष्टजानकारी गरे? | अति स्पष्ट गरीदिए<br>३८% | ठीकै<br>६०% | अलमल्लहुनेगरी अस्पष्ट सूचनादिए<br>२% |
| ५ | तपाईंले राख्नु भएका समस्यालाई के कस्तो समाधानदिए? | अति सजिलो तरीकाबाट समाधानदिए<br>६६% | ठीकै<br>३२% | समाधानदिन सकेनन्<br>२% |
| ६ | तपाईलाई सेवाप्राप्तगर्न अपनाईएकाप्रकृया के कस्तो लाग्यो ? | अति सजिलो<br>१८% | ठीकै<br>५४% | लामो र झन्झटिलो<br>२८% |

**पालिकाको कुनपक्ष धेरै राम्रो लाग्यो र कुनकुन पक्षलाई सुधार गर्नु पर्ने देखियो ?**

| गाउँपालिकाको राम्रो पक्षहरु | गाउँपालिकाकासुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| १) नवनिर्वाचितजनप्रतिनिधि र कर्मचारीहरुको व्यवहार सरल र मैत्रीपूर्ण छ ।<br>२) पालिकामाखानेपानी र बसाईको प्रबन्धमिलाएको देखिन्छ ।<br>३) कार्य सम्पन्नपश्चातभुक्तानीको प्रक्रिया सहज छ ।<br>४) वडाकार्यालयबाटप्रवाहहुने सेवाहरु सरल रुपमालिने व्यवस्था मिलाएको छ ।<br>५) कर्मचारी र जनप्रतिनिधिहरुसँग कार्यालय समयमा सजिलै भेटघाटहुने गरेको छ ।<br>६) सेवाग्राहीको समस्याको समाधानबारे जनप्रतिनिधि र कर्मचारीले स्पष्टगरिदिने गरेको छन् । | १) खजुरा गा.पा. वडा नं. ८ मासिक्टासिचाईको नहर वरीपरी घरबास बनाई बासोबास गरिरहेको सर्वसाधारणनागरिकको घरबास व्यवस्थापनतथाजग्गाव्यवस्थापनको लागिपालिका र वडाले आवश्यक समन्वयगरिदिनु पर्ने ।<br>२) गाउँपालिका र वडाबाटलक्षितवर्गको कार्यक्रम संचालनगर्नु पूर्व सबै वर्ग सम्मपुग्ने गरी सूचनाप्रवाहगर्ने र कार्यक्रमलाई लैंगिक समानता र समावेशीबनाउनु पर्ने ।<br>३) खजुरा वडा नं. ३ र ४ लाई जोड्ने नेपालगन्जगुलरिया सडकखण्डको पूलजिर्ण अवस्थामापुगेकोले तत्तकाल निमार्णको लागिपहलगरिनु पर्ने ।<br>४) गाउँपालिका र सम्बन्धितवडाबाटकिसानलाई कृषिजन्य सामाग्रीवितरणगर्दा वास्तविकतापहिचानगरि वास्तिविक आवश्यककिसानलाई मात्रवितरणगरिनु पर्ने ।<br>५) गाउँपालिकाअध्यक्ष, उपाध्यक्षविदामा वस्दा वाकार्यालय वाहिर काममा, कार्यक्रम सहभागीहुँदा सेवाग्राहीको सेवाअवरुद्धनहुने गरीकार्यवाहकदिने व्यवस्थामिलाउने ।<br>६) गाउँपालिकाले वडाकार्यालयलाई समेत अधिकार प्रदान गरी अधिकाशं कामहरु वडाबाट नै सम्पादनहुने व्यवस्थामिलाउने ।<br>७) योजनाछनौट गर्दा योजनातर्जुमा सबै चरणहरुलाई पूरा गर्ने, कार्यक्रम संचालनगर्दा पनि वडाबासीलाई भेला गराई कार्य गर्ने । |

# अनुसूची ३

## सहभागीहरुको मुख्य प्रश्न, गुनासो, पीरमर्का तथा जवाफदेही बक्ताहरुको जवाफ छोटकरीमा

| प्रश्नकर्ताको नाम/ थर र ठेगाना | प्रश्न ,गुनासो सुझाव | जवाफदेही व्यक्तिको नाम,थर र पद | छोटकरीमा जवाफ |
|---|---|---|---|
| अस्लाम भाट खजुरा गा.पा.वडा न. ७ | सार्वजनिक सुनुवाइको प्रतिवेदन सबैलाइ उपलब्ध किन भइन ? वेवसाइटमा सबै सुचना किन राखिदैन ? | अर्जुन सुवेदी प्रमुख प्रशासकिय अधिकृत | आगामी दिनमन पालिकाका सबै प्रकारका सूचना नियमित रुपमा वेवसाइटमा राख्ने व्यवस्था मिलाइने छ र सार्वजनिक सुनुवाइको प्रतिवेदन आगामी कार्यक्रममा उपलब्ध गर्ने व्यवस्था मिलाउने छौं । |
| पूर्ण बहादुर पुन खजुरा गापा वडा नं.२ | सुकुम्बासीहरुलाई जग्गाको व्यवस्था कहिले हुन्छ ? योजनाको सूचनापाटी किन राखिदैन, हाइमास्क बत्तिको बजेट के कति हो ? | डम्बर बहादुर बिक पालिका अध्यक्ष | सुकुम्बासीलाई यही वर्ष भित्र जग्गा उपलब्ध गराउने व्यवस्था मिलाउनेछौं र सोही बमोजिम मालपोतमा कार्य अगाडी बढाइरहेकाछौ । पालिकाभरी जम्मा ६ वटा हाइमास्ट जडान गर्ने योजना छ, एउटको ७ लाख ५० हजार वजेट हो । |
| मनरुपा सुनार खजुरा गा.पा.वडा न. ३ | वडा न.३ सुर्योदय टोलमा बाटो बन्यो तर नाला बनेन कहिले बन्छ ? | पुर्ण बहादुर क्षत्री वडा न.३ अध्यक्ष | आगामी आर्थिक वर्षको वजेटबाटा नाला निर्माण गरिनेछ । |
| श्रवण के.सी. खजुरा खानेपानी उपाध्यक्ष | खानेपानीका पाइपहरु अव्यवस्थित किन ? लागुऔषध दुर्व्यसन बिरुद्ध काम गर्न नसक्नुको कारण के हो ? आर्थिक अवस्था कमजोर भएका बिरामीहरुलाई निशुल्क औषधि उपचार गर्न सकिदैन ? | डम्बर बहादुर बिक पालिका अध्यक्ष | लागुऔषध दुर्व्यसन बिरुद्ध केही योजना समेटेको र आगामी वर्ष प्राथमिकतामा राखी बजेट बिनियोजन गर्ने, तथ्यांकको एकिन गरौं तथ्यस्थान गरीबि पहिचान गरी औषधीको व्यवस्था मिलाउने, पालिकाले अति गरीब परिवारलाई सहयोग गर्ने गरेको छ । |
| बिमल थापा खजुरा गा.पा वडा नं. १ | लक्षित वर्गको वजेट किन थोरै भयो ? बाटो निर्माण गर्दा दिगो कसरी बनाउने ? | मञ्जु मल्ल उपाध्यक्ष | यो वर्ष पहिलो वर्ष भएकाले हतारमा वजेट बनाउने काम भयो । लक्षित वर्ग केन्द्रित कार्यक्रमका लागि कम वजेट बिनियोजन भएको छ आगामी वर्षमा वजेट बढ़ादै लैजानेछौं । |
| चन्द्रप्रकाश भण्डारी खजुरा गा.पा. ३ | पुराना योजना गा.पा. को भवन बहुउदेश्य भवन कहिले पुरा हुने हो ? वडा नम्बर १ देखी धनौली सम्मको बाटो कहिले बन्छ ? प्रतिबद्धता किन पुरा हुदैन ? | डम्बर बहादुर बिक पालिका अध्यक्ष | पुराना गौरबमा सबै योजना यही वर्षभित्र पुरा गर्ने गरी काम भइरहेको छ । |
| भिम बहादुर राना मगर खजुरा गा.पा.वडा न. ४ | सार्वजनिक सुनुवाइ बाहिर खुल्ला गरिनुपर्ने, स्वास्थ्य संस्थामा औषधिको व्यबस्था हुन सकेन, शितभण्डार किन सञ्चालन हुन सकेन? सरकारी सवारी साधनको दुरुपयोग किन ? | स्वास्थ्य शाखा प्रमुख | औषधि खरिदको टेण्डर प्रक्रिया डिलो भएकाले केहि समय औषधिको अभाव भएको हो, अव खरिदको प्रक्रियामा छौं । वजेट अभावका कारण सबै प्रकारको औषधि खरिद गर्न सम्भब छैन । |
| गुरे खाँ | नागरीकहरुलाई बजेटको बारेमा जानकारी हुदैन | डम्बर बहादुर बिक | आगामी दिनमा वजेट सहितको प्रतिबेदन उपलब्ध |

| | | | |
|---|---|---|---|
| | | पालिका अध्यक्ष | गराउने । |
| प्रेम बुढाथोकी खानेपानि उपभोक्ता समिती अध्यक्ष | कागजातहरु हराउने भएको छ,त्यस्तो नहुनु पर्ने हो ,सडक पेटी खाली हुनुपर्ने हो, सडक पेटी जनताको | अध्यक्ष | |
| अर्जुन सिंह खजुरा गा.पा.वडा न.४ | पहिले सार्वजनिक सुनुवाइमा उठेको बिषय समाधान भएनभएको समिक्षा किन हुँदैन ? कृषिका लागि बिनियोजित रकम कुन कुन शिर्षकमा खर्च भएको हो भन्ने कुरा आउनुपर्ने हो त्यो कुरा आएन, । | डम्बर बहादुर बिक पालिका अध्यक्ष | आगामी दिनमा शिर्षक अनुसारको खर्च वजेट सहितको प्रतिवेदन उपलब्ध गर्ने व्यवस्था मिलाउनेछौं । |
| महेन्द्र मल्ल | पालिकाको आय व्यय किन आएन ? त्यो आउनुपर्ने हो, पार्टीगत हिसाबले किन कर्मचारी राखिन्छ? पालिकाको बेरुजुका बारेमा प्रष्ट पारिदिनुहोला, इन्धन खर्चमा प्रष्ट पारिदिनुहोला ? | प्रदिप सुनार लेखा अधिकृत | पालिकाको कार्य गर्दा धेरै ठाँउका जाने भएकोले इन्धन बढि खर्च हुन्छ । मासिक रुपमा जनप्रप्रतिनिधि कर्मचारीहरुलाई सिमित इन्धन उपलब्ध गराइन्छ । |
| भिमकान्त लामिछाने | खजुरामा निर्माण हुने औधोगिक क्षेत्रको काम का पुग्यो ? प्रशासकिय भवनको बारेमा प्रष्ट पारिदिनुहोला । | डम्बर बहादुर बिक पालिका अध्यक्ष | पालिकाले अनुगमन गरिरहेको छ । औधोगिक क्षेत्रको व्यवस्थापन समिति बनाएर व्यवस्थापन गर्ने तर्फ पहल गरिनेछ । |
| बिक्रम हमाल | लागुऔषध समस्या र समाधान गर्ने उपायहरु जनचेतनामुलक कार्यक्रम भन्दा सिपमुलक कार्यक्रमको आवशयक्ता छ निःशुल्क उपचार हुनुपर्ने हो । | मञ्जु मल्ल उपाध्यक्ष | बेरोजगार भएका युवाहरुलाई रोजगारमुलक तथा सिपमुलक कार्यक्रम केहि मात्रामा सञ्चालन गरेकाछौं आगामी दिनमा थप प्रभावकारी बनाउन पहल भइरहेको छ । |
| उत्तम घिमिरे | गाँउपालिकालाई नगरपालिका बनाउनलाई पहल गर्नुपर्ने, सरसफाइको लागि पालिकाले ध्यान दिनुपर्ने छ अधुरा योजनाहरु पुरा गर्नुपर्ने, | डम्बर बहादुर बिक पालिका अध्यक्ष | सरसफाई सम्बन्धी योजना लिएर आउनुहोला, फोहोर ब्यबस्थापनका लागि जग्गा खाज्ने काम भइरहेको छ जग्गा मिल्ने बित्तीकै फोहोर व्यवस्थापन हुन्छ । पहिलेका अधुरा योजनाहरुको बारेमा बुझ्रेर अगाडि बढ्ने तयारी भइरहेको छ । |

हेमराज भट्ट
निर्देशक, बास नेपाल